## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०८ अक्तूबर २०२३

समयः १८ः५० – १९ः०० बजे

**प्रमुख समाचार**

१) वायुसेनाले आज उत्तर प्रदेशको प्रयागराजमा आफ्नो ९१ औं वार्षिक उत्सव मनायो। सेनाका एयर चिफ मार्शल बी. आर चौधरीले परेडको सलामी लिनुभयो।

२) पश्चिम बंगालका राज्यपाल सीभी आनन्द बोसले आज टिस्टा बजार क्षेत्रको बाढ़ प्रभावित इलाकाको निरीक्षण गर्नुहुँदै क्षेत्रका बाढ़ प्रभावित परिवारहरूसित भेट गर्नुभयो।

३) मणिपुरमा अझसम्म हिंसा यथावत रहेको कंग्रेसको आरोप। पार्टीले यसको निम्ति केन्द्र सरकार अनि राज्य सरकार दोषी ठहराएको छ।

४) चीनको हाङजौ शहरमा आज एसियाइ खेलको समापन समारोह सम्पन्न। खेलमा भारत २८ स्वर्ण, ३८ रजत अनि ४१ कास्य पदक सहित कुल १०७ पदक जितेर चौथो स्थानमा।

**वायु सेना दिवस परेड**

वायुसेनाले आज उत्तर प्रदेशको प्रयागराजमा आफ्नो ९१ औं वार्षिकोत्सव मनाउँदैछ। वायुसेना प्रमुख एयर चीफ मार्शल वी.आर. चौधरीले परेडको सलामी लिनुभयो। यस अवसरमा सेना प्रमुख जनरल अनिल चौहान र सेन्ट्रल एयर कमाण्डका जनरल अफिसर इन कमाण्ड एयर मार्शल आर.जी. के. कपूर पनि उपस्थित हुनुहुन्थ्यो। वायुसेना प्रमुख एयर चीफ मार्शल वी.आर. चौधरीले परेडमा वायुसेनाको नयाँ झण्डा अनावरण गर्नुभयो। वायुसेना प्रमुखले चार युनिटलाई प्रशंसा पत्र पनि प्रदान गर्नुभयो जसमा १६ स्क्वाड्रन, १४२ हेलिकप्टर युनिट, ६०१ सिग्नल युनिट र ३ आधार मर्मत डिपो रहेका छन्। यस अवसरमा वायुसेना प्रमुखले वायुसेनाको शक्ति, शान्ति र युद्ध दुवैमा उपयोगी हुने बताउनुभयो। यसका लागि हामीले नयाँदूनयाँ प्रविधिलाई अवलम्बन गरिरहनुपर्छ ताकि हामी उदीयमान चुनौतीहरूको सामना गर्न सकौं भनी जनाउनुभयो। यस वर्ष वायुसेनाले मित्र राष्ट्रहरूसँग आठ अभ्यासमा भाग लिएको छ। पहिलो ब्याचमा महिला र पुरुष अग्निवीरलाई वायुसेनामा भर्ना गरिएको उहाँले बताउनुभयो। यस वर्ष वायुसेना दिवस परेडको नेतृत्व पहिलो पटक महिला अधिकारी अर्थात् ग्रुप क्याप्टेन शालिजा धामीले गर्नुभएको थियो। पहिलो पटक परेडमा अग्निवीर वायु महिलासहित महिला सैनिकको टुकडी सहभागी भएको थियो।

****** ० ******

**रक्षामन्त्री राजनाथ सिंह**

रक्षामन्त्री राजनाथ सिंहले ९ देखि १२ अक्टोबरसम्म इटाली र फ्रान्सको भ्रमण गर्नुहुनेछ। रक्षामन्त्रीले आफ्नो दुई देशको भ्रमणको पहिलो चरणमा रोममा इटालीका रक्षामन्त्री गुइडो क्रिसेटोसँग भेट गर्नुहुने कार्यक्रम रहेकोछ। रक्षा मन्त्रालयले आज एक विज्ञप्ति जारी गर्दै यो जानकारी दिएको हो। मार्च २०२३ मा इटालीका प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा भारत र इटालीबीचको सम्बन्धलाई रणनीतिक साझेदारीमा बढाइएको थियो। रक्षा मन्त्रालयका अनुसार दोस्रो र अन्तिम चरणमा राजनाथ सिंहले फ्रान्सेली सशस्त्र सेनाका मन्त्री सेबास्टिन लेकोर्नुसँग पेरिसमा ५ औँ वार्षिक रक्षा संवाद गर्नुहुनेछ।

****** ० ******

**सीबीआई–बंगाल मन्त्री**

केन्द्रीय अनुसन्धान ब्यूरो–सीबीआईले आज पश्चिम बंगालका नगरपालिका निकायहरूमा कथित अनियमितताको अनुसन्धानको सन्दर्भमा वरिष्ठ मन्त्री फिरहाद हाकिम र तृणमूल कांग्रेसका विधायक मदन मित्राका घरहरूसहित १२ स्थानहरूमा छापा मारे। शहरी विकास र नगरपालिका मामिला मन्त्री फिरहाद हकिम कोलकाताका मेयर पनि हुनुहुन्छ। सीबीआई अधिकारीहरूको एक टोली केन्द्रीय बलको ठूलो दलसित आज बिहान दक्षिण कोलकाताको चेतला क्षेत्रमा रहेको

उहाँको निवासमा पुगे। सीबीआईले उत्तर २४ परगना जिल्लाको भवानीपुर क्षेत्रमा रहेको कमरहाटीका विधायक तथा पूर्वमन्त्री मदन मित्राको घरमा पनि खोजी गरे। सीबीआई स्रोतका अनुसार अधिकारीहरूले आज कोलकाता, कांचरापारा, ब्याराकपुर, हलिसहर, दमदम, उत्तर दमदम, कृष्ण नगर, टाकी, कमरहाटी, चेतला र भवानीपुरमा सरकारी अधिकारीहरू र अन्यको घरमा छापा मारे।

****** ० ******

**राज्यपाल टिस्टा**

पश्चिम बंगालका राज्यपाल सीभी आनन्द बोसले आज टिस्टा बजार क्षेत्रको बाढ प्रभावित इलाकाको निरीक्षण गर्नुभयो। यस अवधि उहाँले टिस्टा बजार क्षेत्रका बाढ प्रभावित परिवारहरूसित भेटघाट गरेर कुराकानी गर्नुका साथै तिनीहरूका समस्याहरू सुन्नुभयो। स्मरण रहोस्, गत मङ्गलबार राति उत्तर सिक्किममा ड्याम भत्केपछि नदीको जलस्तर बढेर टिस्टा नदीले विकराल रूप लिएपछि यसले सिक्किम लगायत टिस्टा बजार क्षेत्रमा व्यापक क्षय-क्षति पुर्‍याएको छ। यहाँको धेरैवटा घर, दोकान, ग्यारेज, वाहनहरू नदीले बगाएर लगेको छ। प्राकृतिक आपदाले गर्दा धेरैजना मानिसहरूको मृत्यु भइसकेको छ भने हालसम्म धेरैजना निखोज छन्। हाल टिस्टा बजार संलग्न क्षेत्रमा नदीले बगाएर ल्याएको बालुवा-ढुङ्गाहरूको थुप्रो रहेको छ।

****** ० ******

**राज्यपाल सयदिने रोजगार**

पश्चिम बंगालक राज्यपाल डा. सीवी आनन्द बोसले सयदिने रोजगार योजना (मनरेगा) र आवास योजनाका वञ्चितहरूलाई आश्वासन दिनुहुँदै विपन्नहरूको पहिचान गरेर उनीहरूलाई योजनाको फाइदाहरू उपलब्ध गराउन सबै पक्षहरूसँग कुरा गर्ने बताउनुभएको छ। बोसले आज उत्तर बंगालको भ्रमणबाट कलकत्ता फर्कनुअघि यो कुरा भन्नुभएको हो। पत्रकारको प्रश्नको जवाफमा राज्यपालले विपन्नहरुसँग कुरा गर्ने जानकारी गराउनुभयो। उहाँले भन्नुभयो- म उहाँहरुको गुनासो सिधै सुन्छु। त्यसपछि म केन्द्रसँग मात्र होइन, यस विषयमा संलग्न सबै पक्षसँग पनि कुरा गर्नेछु। स्वाभाविक रूपमा, सीवी आनन्द बोसको यो टिप्पणी राजनीतिक रूपमा महत्त्वपूर्ण मानिएको छ।

****** ० ******

**मणिपुर कंग्रेस**

मणिपुरमा अझसम्म हिंसा यथावत रहेको कंग्रेसले आरोप लगाएको छ। पार्टीले यसको निम्ति केन्द्र सरकार अनि राज्य सरकार दोषी रहेको बताएको छ। कंग्रेसले आइतवार एक्समा लेखेर विगत पाँच महिनादेखि मणिपुरमा हिंसा यथावत रहेको बताउँदै यस हिंसामा लगभग १७५ मानिसहरु मारिएको तथा एघारसयभन्दा धेर घाइते भएको बताएको छ। हिजो मात्रै पनि मणिपुरमा एक मन्त्रीको घर नजिक ग्रिनेड ब्लास्ट भएको थियो। यसअघि मुख्यमन्त्रीको घरमा हमलाको कोशिश गरिएको थियो। कंग्रेसले भनेको छ -हालै मात्र राज्यको गवर्नर अनसुइयाले यदि हिंसा अवधि मुख्यमन्त्री विरेन सिंहको भूमिकामाथि उहाँले केही वयान दिए त्यो विवाद हुनेछ।

****** ० ******

**चुङथाङ**

उत्तर सिक्किमको चुङथाङमा एउटा अस्थायी बाँसको पुल निर्माण गरिएको छ। उक्त बाँसको पुलले चुङथाङलाई पेगोङसँग जोड्दछ। चुङथाममा फँसेका पर्यटक तथा मानिसहरूलाई सकुशल त्यहाँबाट अन्यत्र लैजानको लागि उक्त अस्थायी बाँसको पुल निर्माण गरिएको हो। क्षेत्रीय विधायक तथा मन्त्री साम्दुप लेप्चाको निर्देशनमा सेना तथा स्थानीय स्वयंसेवकहरूको सहयोगमा उक्त अस्थायी बाँसको पुल निर्माण गरिएको बताइएको छ।

****** ० ******

**निखोज**

गत ४ अक्टोबर टिस्टा नदीको जलस्तर बढेपछि यसले धेरैवटा घर, वाहन बगाएर लैजानको साथै धेरैजना मानिसहरू निखोज भएका छन्। सिक्किमको प्राकृतिक आपदामा अलिपुरद्वारको जयगाउँ खोकला बस्ती थापा टोल इलाका निवासी विकास

छेत्री पनि निखोज भएकोले परिवारका सदस्यहरू चिन्तित छन्। परिवारका सदस्यहरूले बताएअनुसार विकास एउटा निजी कम्पनीमा चालकको रूपमा कार्य गर्दैआइरहेका थिए। गत बुधबारदेखि विकाससित कुनै सम्पर्क हुन नसकेकोले परिवारका सदस्यहरू चिन्तित छन्। यसपछि गत बिहिबार विकास काम गर्ने कम्पनीका मालिकले फोनमार्फत् वाहन सहित विकासलाई टिस्टाले बगाएपछि हालसम्म कुनै खबर नरहेको आफूहरूलाई जानकारी गराए। यसले गर्दा विकासको परिवार अझ चिन्तित बनेका छन्। विकास छेत्रीकी पत्नी सीता छेत्रीले बताएअनुसार गत मंगलबार विकास सिलगढीबाट ट्रक लिएर सिक्किम गएका थिए भने त्यस दिन तिनले सिक्किममै रात बिताए। त्यहीँ राति विकाससित अन्तिम कुराकानी भएको थियो। यसपछि तिनीसित सम्पर्कविहीन बनेका छन्।

यसै बीच, टिस्टाको बाढ प्रभावित क्षेत्रहरूमा जीटीएको आपदा प्रबन्धन विभागले लगातार रूपमा कार्य गरिरहेको जानकारी प्राप्त भएको छ। यसै क्रममा जीटीएको आपदा प्रबन्धन विभागका एमओडी सभासद एवम् तीनधारे महानदी समष्टिका सभासद नवराज छेत्री पनि यस कार्यमा लागिपर्नुभएको जानकारी पाइएको छ। जीटीए प्रमुख अनित थापासितै आपदा प्रबन्धन विभागका कार्यकारी सभासद र एमओडी सभासद नवराज छेत्री पनि मानिसहरूको साथमा रहेर कार्य गरिरहनुभएको छ।

****** ० ******

**<u>रक्तदान शिविर</u>**

सेन्ट्रल कोलनी युनाइटेड फ्रेन्ड्स एसोसिएशन क्लब तथा लायन्स क्लब अफ न्यु जलपाईगढीको संयुक्त पहलमा आज रक्तदान शिविरको आयोजना गरियो। उक्त शिविरमा मुख्य अतिथिको रूपमा एनजेपी थानाका ओसी पार्थसारथी दास उपस्थित हुनुहुन्थ्यो। यस शिविरमा उहाँले स्वयम्ले पनि रक्तदान गर्नुभयो भने शिविरमा रक्तदान गर्न आउने रक्तदाताहरूलाई पनि प्रोत्साहित गर्नुभयो। त्यस शिविरमा लायन्स क्लब अफ जलपाईगढीका अध्यक्ष सुनील मोहान्ती, युनाइटेड फ्रेन्ड्स एसोसिएशन क्लबका सचिव आनिस सरकार, सभापति विश्वजीत कुन्डु लगायत अन्य उपस्थित थिए। शिविरमा मोठ अस्सी युनिट रगत संग्रह गरियो।

****** ० ******

**<u>एशियाई खेल</u>**

चीनको हाङ्जौ शहरमा आज साँझ ५ बजेदेखि एसियाई खेलको समापन समारोह भइरहेको छ। यस अवसरमा हकी टीमका गोलकिपर पी. आर. श्रीजेश भारतीय दलका ध्वजवाहक बने। यी खेलहरूमा भारत २८ स्वर्ण, ३८ रजत अनि ४१ कास्य पदकसहित कुल १०७ पदकको साथमा चीन, जापान अनि साउथ कोरियापछि चौथो स्थानमा रहे। एसियाई खेलहरूमा भारतले पहिलोचोटि रेकर्ड १०० भन्दा अधिक मेडल जितेर इतिहास रचेको छ।

****** ० ******

**<u>फुटबल प्रतियोगिता</u>**

मकैबारी चिया बगान अन्तर्गत गोधाम धुराको रुद्राक्ष युथ क्लबको आयोजनामा यस वर्ष नगद राशि खुल्ला फुटबल प्रतियोगिता हुने भएको छ। यसको निम्ति आज यहाँको सार्वजनिक भवनमा प्रणाम रसाइलीको सभापतित्वमा एक सभाको आयोजना भयो।

****** ० ******

**<u>नौका प्रतियोगिता</u>**

फालाकाटा स्पोर्ट्स अकादमीले फालाकाटाको मुजनाई नदीमा एक दिवसीय नकआउट नौका प्रतियोगिताको आयोजन गर्‍यो। यस नौका प्रतियोगितामा १६ दलले भाग लिएका थिए। यस वर्ष महिला नौका दलले पनि भाग लिएका थिए। प्रतियोगिता हेर्नको निम्ति धेरै संख्यामा मानिसहरु भेला भएका थिए।

****** ० ******

***********